# दाङ जिल्लाको एस.एल.सी. परीक्षा २०७० को प्रतिबेदन

**दाङमा २०७० साल चैत्र १७ गते एस.एल.सी. परीक्षा समन्वय समन्वय समिति दाङका अध्यक्ष एवम् प्रमुख जिल्ला अधकारी श्री रबिलाल पन्थ अध्यक्षता एवम् जिल्ला शिक्षा समितिका अध्यक्ष एवम् स्थानीय विकास अधिकारी श्री विष्णुप्रसाद पोखेलको प्रमुख आतिथ्यमा सञ्चारकर्मी, शिक्षा समितिका पदाधिकारीहरु, शिक्षकका पेशागत संस्थाका पदाधिकारीहरु, एस.एल.सी. परीक्षाका अनुगमन कर्ता आदिको उपस्थितिमा सम्पन्न दाङको एस.एल.सी. परीक्षा २०७० को समीक्षा कार्यक्रममा जिल्ला शिक्षा अधिकारी जीतबहादुर शाहबाट प्रस्तुत गरिएको प्रतिबेदन ।**

## १. विषय प्रवेश

दाङमा एस.एल.सी. परीक्षा २०७० सञ्चालनका लागि ३७ वटा परीक्षा केन्द्रहरुको व्यवस्था गरिएको थियो । ८४ वटा सामुदायिक विद्यालयबाट ११,३२३ (नियमित-६,९६२ र एक्जेम्टेड-४,३६१) र ८० वटा संस्थागत विद्यालयहरुबाट २,४९८ (नियमित- २,४४२ र एक्जेम्टेड- ५६) गरी जम्मा १३,८२१ परीक्षार्थीहरुले आवेदन फारम भरेकोमा ३८३ जना परीक्षार्थीहरु परीक्षाको कुनै पनि विषयमा उपस्थित भएनन् । अनुपस्थित हुनेहरुको सङ्ख्या परीक्षाको अन्तिम दिनसम्म बढ्दै गएर ४११ पुगेको थियो । अनुपस्थिति हुनेहरुमा एक्जेम्टेड तर्फका परीक्षार्थीहरुको अनुपात बढि देखियो । अनुपस्थित हुने परीक्षार्थीहरुको सङ्ख्या पछिल्लो दिनको परीक्षामा बढ्ने क्रममा देखियो । परीक्षाको अवलोकन गर्दा र तथ्याङक हेर्दासमेत छात्राहरुको सहभागिता बढि देखियो ।

## २. एस.एल.सी. परीक्षा सञ्चालनका राम्रा पक्षहरु :

- होमसेन्टर नहुने गरी परीक्षा केन्द्र र समूह विद्यालयहरुको निर्धारण गरिएको ।
- सम्बन्धित परीक्षा केन्द्रकै प्र.अ. र शिक्षकहरुलाई केन्द्राध्यक्ष र निरीक्षकहरुको भूमिका निर्वाह गरिएको ।
- राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, अभिभावक र विद्यार्थीहरुबाट परीक्षालाई मर्यादित र व्यवस्थित गर्ने कार्यमा सहयोग भएको ।
- परीक्षामा खटिएका अनुगमन कर्ताहरुबाट परीक्षालाई मर्यादित र व्यवस्थित गर्ने कार्यमा पूर्ण सहयोग भएको ।
- एसएलसी परीक्षा समन्वय समितिका पदाधिकारी, सुरक्षाकर्मी र कर्मचारीहरुको बीचमा प्रभावकारी समन्वय ।
- छात्रहरुको तुलनामा छात्राहरुको सहभागिता बढि भएको ।
- मौरीघाट परीक्षाकेन्द्रमा केन्द्राध्यक्ष र सुरक्षाकर्मी लगायत सबै महिलाहरु खटिएर सञ्चालन गरेको ।
- चौघेरा परीक्षाकेन्द्रले अनुशासित र शालीन परीक्षार्थीहरुलाई पुरष्कृत गरिएको ।
- परीक्षाकेन्द्रमा प्रवेश पूर्व सबै परीक्षाकेन्द्रहरुमा परीक्षार्थीहरुको खानतलासी गरिएको ।
- ३५ बुँदे आचारसंहिताको कार्यान्वयनमा सबैको चिन्ता र चासो देखिएको ।
- अनुपयुक्त देखिएका परीक्षामा खटिएका सहायक केन्द्राध्यक्ष र निरीक्षकहरुलाई निस्कासन गरिएको ।
- सूचना र जानकारी दिने कार्यमा पत्रकार र अभिभावकहरुको प्रसंसनीय योगदान रहेको ।
- सम्पूर्ण परीक्षा केन्द्रहरुको बाह्य वातावरण शान्त र मानवरहित भएको र अधिकांस परीक्षा केन्द्रहरुको भित्री वातावरण समेत शान्त र आवाजशून्य रहेको ।
- गतविगतमा जस्तो निश्चित पत्रकारहरुलाई मात्र परीक्षा केन्द्रमा प्रवेशका लागि प्रवेशाज्ञाको व्यवस्था नगरेर यसपाील पत्रकारहरु सबैलाई उनीहरुको परिचय पत्रको आधारमा प्रवेश गर्ने व्यवस्था गरिएको भए तापनि परीक्षाकेन्द्रमा पत्रकारहरुको अनुपयक्त भीडभाड नभएको ।
- एकाध परीक्षा केन्द्रहरुका कोचिङ एवम् टयूसन सेण्टरहरुबाट परीक्षाकेन्द्रहरुमा अमर्यादित वातावरण सिर्जना गर्ने दुस्प्रयास गरेपनि सफल हुन नसकेको ।

## ३. एस.एल.सी. परीक्षामा देखिएका कमजोर पक्षहरु :

- केही परीक्षा केन्द्रहरु (राप्ती विद्यामन्दिर, रक्षाचौर, गोबरडिहा आदि) परीक्षा केन्द्रहरुका परीक्षार्थीहरु अत्यधिक भएको कारण व्यवस्थापन गर्न कठिनाइ भएको ।

- केही परीक्षा केन्द्र रहेका विद्यालयहरुका प्र.अ. माध्यमिक तहका स्थायी शिक्षक नभएको कारणले अन्यत्रबाट केन्द्राध्यक्ष नियुक्त गरेर खटाउदा कठिनाइको महसुस भएको ।
- केही परीक्षाकेन्द्रहरुमा एकाघरका परिवारका सदस्यहरुले परीक्षा दिइरहेको अवस्थामा पनि शिक्षककहरु सहायक केन्द्राध्यक्ष र निरीक्षकको रुपमा प्रवेश गरेको ।
- केही परीक्षाकेन्द्रहरुमा विद्यालयहरुको निर्धारण गर्दा पारस्परिक साटफेर भएकोले परीक्षामा त्यसको नकारात्मक प्रभाव परेको ।
- एकाध परीक्षाकेन्द्रहरुमा एकाध सञ्चारकर्मी, सुरक्षाकर्मी र अनुगमन कर्ताहरुको अनुपयुक्त प्रस्तुति भएको ।
- परीक्षामा खटिएका केही व्यक्तिहरुबाट तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेको ।
- केही परीक्षाकेन्द्रहरुमा निषेध गरिएको सामग्रीहरु परीक्षार्थीहरुले परीक्षाकेन्द्रमा लिएर गएको ।
- केही परीक्षा केन्द्रहरुमा एकाध परीक्षार्थीहरुको हातमा चीट अर्थात नक्कल गर्ने सामग्रीहरु भेटिएको ।
- केही परीक्षा केन्द्रहरुका मुल उत्तरपुस्तिका र थप उत्तरपुस्तिकाहरुको सदुपयोग प्रभावकारी नभएको ।
- केही परीक्षा केन्द्रहरुमा सम्बन्धित विद्यालयका शिक्षक र कर्मचारीहरुको सङ्ख्या परीक्षा सञ्चालन गर्न पर्याप्त भए पनि बाहिरबाट शिक्षक ल्याएर परीक्षा सञ्चालन गरेको ।
- एकाध परीक्षा केन्द्रहरुमा फर्निचर र कोठाको अभावको कारण परीक्षार्थीहरुको बसाइ व्यवस्था उपयुक्त हुन नसकेको ।
- खुल्ला विद्यालयका परीक्षार्थीहरु भएको परीक्षा केन्द्र तुलनात्मक रुपले अरु परीक्षा केन्द्रहरु जस्तो मर्यादित र व्यवस्थित रुपमा सञ्चालन हुन नसकेको ।

**४. सुधारका लागि आगामी मार्गनिर्देशन**

- परीक्षार्थी सङ्ख्या यही अवस्थामा रहे पनि परीक्षा सञ्चालन कार्यलाई व्यवस्थित र मर्यादित बनाउनका लागि थप परीक्षाकेन्द्रका लागि परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गर्नुपर्ने ।
- माध्यमिक तहको स्थायी शिक्षक प्र.अ. नभएको विद्यालयमा परीक्षा केन्द्र निर्धारण नगर्ने वा दरबन्दी मिलानको क्रममा त्यस्ता विद्यालयहरुमा माध्यमिक तहको स्थायी शिक्षकलाई प्र.अ. बनाउनुपर्ने ।
- कतिपय परीक्षा केन्द्रहरुमा हाल देखिएको परीक्षार्थीहरुको पारस्परिक साटफेरलाई कम्तिमा पनि त्रिकोणात्मक हुने गरी परीक्षाकेन्द्र र परीक्षार्थीहरुको व्यवस्थापन गर्नुपर्ने ।
- कपिय परीक्षा केन्द्रमा परीक्षार्थीहरुको परीक्षा केन्द्र निर्धारण गर्ने क्रममा पुनरावलोकन गर्नुपर्ने । जस्तै - उमावि रक्षाचौर, सनलाइट बोर्डिङ स्कूल, उमावि देउपुर, राप्ती आउमावि तुल्सीपुर आदि ।
- एकाघरका परिवारका सदस्यहरुले परीक्षा दिइरहेको अवस्थामा त्यस्ता परिवारका सदस्यहरु परीक्षामा सञ्चालनको क्रममा नियुक्त नहुने वातावरणको सिर्जनाका लागि सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने ।
- अनुगमनमा खटिने पदाधिकारीहरुलाई निश्चित परीक्षा केन्द्र र परीक्षा मिति तोकेर अनुगमनमा खटाउनुपर्ने ।
- परीक्षा सञ्चालन कार्यमा खटिने पदाधिकारीहरुका निम्ति न्यूनतम नै भएपनि पारिश्रमिक र खाजाको व्यवस्थाका लागि परीक्षा नियन्त्रण कार्यालयमा अनुरोध गर्नुपर्ने ।
- यस पटकको परीक्षा सञ्चालनको क्रममा भएका राम्रा पक्षहरुलाई आगामी दिनहरुमा पनि निरन्तरता दिने ।
- कोचिङ एवम् ट्यूसन सेण्टरहरुको नियमित अनुगमन एवम् निरीक्षण गरी उनीहरुले सस्तो लोकप्रियताका लागि गर्ने विज्ञापन र अन्य अशैक्षिक क्रियाकलापहरुमा नियन्त्रण गर्न पहल गर्ने ।

**५. उपसंहार :**

म आफैले पनि ३४ वटा परीक्षा केन्द्रहरुको प्रत्यक्ष अनुगमन गर्ने अवसर पाएँ । अनुगमनको क्रममा सोचेभन्दा पनि परीक्षा मर्यादित, व्यवस्थित र शान्तिपूर्ण पाउदा खुशी लाग्यो । यसका लागि परीक्षालाई मर्यादित, व्यवस्थित र शान्तिपूर्ण बनाउने कार्यमा सहयोग गर्नुहुने परीक्षा समन्वय समितिका पदाधिकारीहरु, परीक्षा सञ्चालनको क्रममा खटिएका केन्द्राध्यक्ष लगायतका शिक्षकहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, अनुगमनकर्ताहरु, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, शिक्षकका पेशागत संस्थाका पदाधिकारीहरु, सञ्चारकर्मी, विद्यालय व्यवस्थापन समितिका

पदाधिकारीहरु, अभिभावकहरु, नागरिक समाज र परीक्षार्थीहरुप्रति हार्दिक आभार एवम् धन्यबाद ज्ञापन गर्दछु र यसप्रकारको सहयोग निरन्तर पाउने अपेक्षा गर्दछु ।

परीक्षा कतै फितलो र कतै मर्यादित हुने कुरामा प्रमुख भूमिका त्यस परीक्षा केन्द्रका परीक्षार्थीहरुको नभइ परीक्षा सञ्चालनको क्रममा खटिने पदाधिकारीहरुको रहने गर्दछ । यस पटकका सबै परीक्षा केन्द्रहरुमा परीक्षार्थीहरु शालीन तरिकाले प्रस्तुत भए । हामीले भने बमोजिम नै विद्यालयको ड्रेस लगाएर आए । सधैं जस्तो बोक्ने मोबाइल घरमै छोडेर आए । नगर भनेको काम गर्न चाहेनन् । तर जव केही परीक्षाकेन्द्रहरुमा परीक्षामा खटिएका पदाधिकारीहरु नै परीक्षार्थीहरुलाई नगर भनेको काममा उदासिन  देखिए, त्यस्तो अवस्थामा केही परीक्षाकेन्द्रमा परीक्षार्थीहरुबाट त्यस्ता एकाध गतिविधि भएको भेटियो । यसका लागि हामीले परीक्षार्थीहरुलाई भन्दा पनि त्यहाँ खटिएका पदाधिकारीहरुको नै बढि दोष देख्यौं र तदनूरुपकै कार्यवाही पनि गऱ्यौं । यसपालि कुनै पनि परीक्षार्थीहरुले परीक्षाको मर्यादा नाँघेवापत उल्लेख्य सजायको भागीदार हुनु परेन । आशा गरौं, आउदो एस.एल.सी. परीक्षामा खटिने कुनै पनि शिक्षक र कर्मचारीहरुले परीक्षाको मर्यादा पालना नगरेवापत कसूरदार ठहर हुनुपर्ने छैन बरु पुरष्कारको निम्ति पङ्तिमा उभिनलायक हुनेछौं । यसका लागि सबैलाई अग्रीम बधाइ र शुभकामना ।

प्रस्तोता<br>
जीतबहादुर शाह,<br>
जिल्ला शिक्षा अधिकारी, दाङ<br>
२०७० साल चैत्र १७ गते सोमबार